विस्तृत शान्ति सम्झौता २०६३ को बाह्र वर्ष

# द्वन्द्व पीडित बडापत्र

## द्वन्द्व पीडित राष्ट्रिय सम्मेलन

४-५ मंसीर २०७५

काठमाण्डौं

**द्वन्द्व पीडित साझा चौतारी**

# भूमिका

नेपालको १० वर्षे सशस्त्र द्वन्द्व (२०५२–२०६३) मा हत्या, बलपूर्वक बेपत्ता, यातना, बलात्कार, यौनजन्य हिंसा र क्रूर, अमानवीय, र अपमानजनक व्यवहारहरूबाट निःशस्त्र नागरिकहरु पीडित भए । हजारौं नागरिकहरुको सम्पत्ति कब्जा, सम्पत्तिको गैरकानूनी तरिकाबाट स्वामित्व हस्तान्तरण, सम्पत्ति क्षति, आगजनी लगायतका सम्पत्तिसम्बन्धी अधिकारबाट वञ्चित गरियो । राज्य र विद्रोही पक्षबाट भएका पीडितहरुले आ-आफ्नो स्थान एवं सम्पर्कअनुरुप संगठित न्यायको अभियान सञ्चालन गर्दै आयौं ।

आफ्नो मुद्दाको अगुवाई आफैंले गर्नुपर्छ र पीडित प्रतिनिधि संस्थाहरु संगठित रुपले परिचालन गर्न सक्षम छन् भन्ने साझा अवधारणामा एक मत भई पीडित केन्द्रित संक्रमणकालीन न्याय प्रक्रिया र समग्र पीडितका अधिकारका लागि एकीकृत र सशक्त आवाजको खोजी स्वरुप २०७१ भदौ २० गते पीडित प्रतिनिधि तथा पीडित संस्थाहरुको राष्ट्रिय भेलाबाट द्वन्द्व पीडित साझा चौतारी गठन भएको हो ।

शान्ति सम्झौताले परिकल्पना गरेअनुसार संविधान निर्माण एवं तत्कालीन माओवादी लडाकु तथा हतियारको व्यवस्थापन सम्पन्न भइसकेको छ । तर उक्त प्रक्रियाकै अभिन्न अंग रहेको संक्रमणकालीन न्यायको पक्ष भने हालसम्म पनि अपूर्ण छ । चार वर्ष अगाडि गठन गरिएका सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानवीन आयोगले द्वन्द्वपीडितहरुले महसूस गर्ने कुनै उपलब्धि हासिल गर्न सकेनन् । पीडितहरुले केवल कानूनी प्रक्रिया मात्र नभएर पीडितको सत्य जान्न पाउने अधिकार, न्याय र परिपूरण, मेलमिलाप, सम्मान र स्मृतिकरण जस्ता आधारहरु चाहेका छन् ।

विस्तृत शान्ति सम्झौताले आज मंसिर ५ गते बाह्र वर्ष पूरा गर्दैछ । सक्रमणकालीन न्यायको हाल जारी प्रक्रियाको सिंहावलोकन गरी समग्र प्रक्रियालाई द्वन्द्व पीडित केन्द्रित र मानव अधिकारमैत्री बनाउन आवश्यक भएको छ । यसै क्रममा द्वन्द्व पीडित साझा चौतारीले विराटनगर, जनकपूर, काठमाडौं, पोखरा र नेपालगञ्ज गरी देशका विभिन्न पाँच स्थानमा प्रादेशिक सम्मेलन सम्पन्न गर्‍यो । उक्त सम्मेलनहरुमा द्वन्द्व पीडितहरु साथीहरुबाट संक्रमणकालीन न्याय प्रक्रियालाई निष्कर्षमा लैजाने समग्र प्रक्रियाको खोजी गर्नुपर्ने सुझाव प्राप्त भएको थियो । प्रादेशिक सम्मेलनहरुबाट प्राप्त सुझावहरु मनन गरी तयार पारिएको मस्यौदामाथि छलफल गरी २०७५ मंसिर ४ र ५ गते राष्ट्रिय

सम्मेलनबाट संक्रमणकालीन न्याय प्रक्रियालाई निष्कर्षमा पुरयाउने मार्गचित्रसहित द्वन्द्व पीडित बडापत्र जारी गरिएको छ ।

द्वन्द्व पीडितहरुको प्रादेशिक एवं राष्ट्रिय सम्मेलनको आयोजना एवं बडापत्र तयारीका लागि अहोरात्र योगदान पुऱ्याउनु हुने यस चौतारीका संस्थापक अध्यक्ष सुमन अधिकारी, अधिकार कर्मी सुशील प्याकुरेल, कनकमणि दीक्षित, टीका ढकाल, गेजा शर्मा वाग्ले एवम् यज्ञ राज थापाप्रति हार्दिक आभार प्रकट गर्दछौं । सम्पूर्ण सम्मेलनहरुमा न्यायको अभिलासासहित आफ्ना पीडा, महत्वपूर्ण धारणा एवं बडापत्रमा महत्वपूर्ण सुझावहरु राख्नुहुने र सम्पूर्ण कार्यक्रमहरुलाई सफल पार्नका लागि हातमालो गर्नुहुने चौतारीका पदाधिकारी, चौतारी सम्बद्ध सम्पूर्ण संघसंस्था लगायत सम्पूर्ण द्वन्द्व पीडित सदस्यहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

यस बडापत्र जारी गर्ने क्रममा संस्थागतरुपमा सहयोग गर्ने नागरिक समाज, सञ्चार जगत, मानव अधिकार संघ-संस्था एवं अन्तर्राष्ट्रिय समुदायप्रति चौतारी हार्दिक आभार प्रकट गर्दछ । साथै संक्रमणकालीन न्याय प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन निरन्तर सहकार्यकालागि समेत हार्दिक आव्हान गर्दछौं ।

**जनक बहादुर राउत**
महासचिव
द्वन्द्व पीडित साझा चौतारी

**भागीराम चौधरी**
अध्यक्ष
द्वन्द्व पीडित साझा चौतारी

# द्वन्द्व पीडित बडापत्र
## मंसिर ५, २०७५

**प्रस्तावना**

*हामी, द्वन्द्व पीडित साझा चौतारीको संगठनमा आबद्ध सम्पूर्ण द्वन्द्व पीडितहरु,*

*नेपाल सरकार र तत्कालीन बिद्रोही माओवादीबीच बिक्रम सम्बत् २०६३ मङ्सिर ५ गते हस्ताक्षर भएको विस्तृत शान्ति सम्झौताको धारा ५.२.५ मा उल्लेखित "सशस्त्र द्वन्द्वका क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता बिरुद्धको अपराधमा संलग्नहरुको बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न" भन्ने मार्गनिर्देशक वाक्यांशको भावनालाई आत्मसात गर्दै,*

*एक दशक लामो सशस्त्र द्वन्द्वको शान्तिपूर्ण अवतरण पश्चात राजनीतिक संक्रमण अन्त्य गरी देशमा दिगो शान्ति, लोकतान्त्रिक गणतन्त्र र संघीयतालाई संस्थागत गर्ने नेपालको संविधान २०७२ ले प्रत्याभूत गरेका मानव अधिकार र मौलिक हकसम्बन्धी सिद्धान्तहरुलाई मनन गर्दै,*

*सक्रमणकालीन न्यायका सम्बन्धमा सर्वोच्च अदालतले बिभिन्न समयमा प्रतिपादित गरेका न्यायिक सिद्धान्त फैसला, नजीरहरुको मर्म र भावनालाई अवलम्बन गर्दै,*

*मानव अधिकारको विश्वव्यापी घोषणापत्र, नेपाल पक्ष राष्ट्रभएका मानव अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धि, अभिसन्धि र अनुबन्धहरुको सम्मान गर्दै,*

*नेपाल सरकार, राजनीतिक दल र द्वन्द्व पीडितका विभिन्न संगठनहरुबीच विभिन्न समयमा गरिएका सम्झौता र समझदारीलाई अनुसरण गर्दै,*

*नेपालको शान्ति प्रक्रिया र तत्कालीन बिद्रोहीसम्बद्ध लडाकु तथा हतियार व्यवस्थापनको मौलिक अनुभवको स्मरण गर्दै,*

*सक्रमणकालीन न्यायको हाल जारी प्रक्रियाको सिंहावलोकन गरी समग्र प्रक्रियालाई द्वन्द्व पीडित केन्द्रित र मानव अधिकारमैत्री बनाउन आवश्यक भएकाले नेपालको मौलिक सामाजिक-सांस्कृतिक, मूल्य र मान्यतामा आधारित हुँदै सत्यको अन्वेषण, पीडितलाई न्याय र परिपूरण, पीडकलाई सजाय, संस्थागत सुधारमार्फत भविष्यमा द्वन्द्व नदोहोरिने सुनिश्चितत गरी समाजमा मेलमिलाप र दिगो शान्ति स्थापनाको आवश्यकता बोध गर्दै,*

*द्वन्द्व पीडितहरुले राजनीतिक तथा सामाजिक परिवर्तनमा पुऱ्याएको योगदानको उच्च कदर गरी पीडितको आत्मसम्मान सहित नेपालको सङ्क्रमणकालीन न्यायलाई निष्कर्षमा पुऱ्याउन सहयोग गर्ने उद्देश्यले यो द्वन्द्व पीडित बडापत्र जारी गर्दछौं ।*

१. एक दशक लामो सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकार उल्लंघनप्रति राज्य, तत्कालीन बिद्रोही र प्रमुख राजनीतिक दलको शीर्ष नेतृत्वले सार्वजनिक स्वीकारोक्ति सहित दुःख प्रकट र क्षमायाचना गरी विश्वासको वातावरण निर्माणको ठोस आधार तयार गर्नुपर्दछ ।

२. राजनीतिक इच्छाशक्ति र ठोस प्रतिबद्धताको अभावका कारणले शान्ति प्रक्रिया प्रारम्भ भएको १२ वर्षसम्म पनि संक्रमणकालीन न्याय प्रक्रियाले गति लिन सकेको छैन । यस वास्तविकतालाई हृदयंगम गरी सरकार प्रमुख, सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी तथा प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेस लगायत प्रमुख राजनीतिक दलहरूको शीर्ष नेतृत्वले नेपालको संविधान २०७२, विस्तृत शान्ति सम्झौता २०६३, सक्रमणकालीन न्यायको सिद्धान्त तथा पीडितहरूको भावनाअनुरूप सक्रमणकालीन न्याय प्रक्रियालाई निष्कर्षमा पुऱ्याउने सार्वजनिक प्रतिवद्धता व्यक्त गर्नुपर्दछ र उक्त प्रक्रियाको ठोस तथा विश्वसनीय पहल अविलम्ब गर्नुपर्दछ ।

३. संक्रमणकालीन न्यायको प्रमुख सरोकारवाला पक्ष द्वन्द्व पीडित भएकाले यससम्बन्धी समग्र प्रक्रिया र संयन्त्र दुबैमा द्वन्द्व पीडितसमेतको अनिवार्य र अर्थपूर्ण सहभागिता हुनुपर्दछ । त्यसैले अबदेखि संक्रमणकालीन न्यायका सम्पूर्ण प्रक्रियामा द्वन्द्व पीडितहरूको अनिवार्य सहभागिता सुनिश्चित गर्न नेपाल सरकार र प्रमुख राजनीतिक दलहरूलाई आग्रह गर्दछौं ।

४. सक्रमणकालीन न्यायका प्रक्रियामा प्रमुख सरोकारवाला पक्षहरू द्वन्द्व पीडित, राज्य, तत्कालीन विद्रोही, प्रमुख राजनीतिक दलहरूको सहभागिता अनिवार्य छ । यस प्रक्रियामा राष्ट्रिय मानव अधिकार आयोग, नागरिक समाज र मानव अधिकार संघसंस्थासँग सम्बाद र परामर्श गरिनुपर्दछ । राज्य, तत्कालीन विद्रोही र प्रमुख राजनीतिक दलहरूको स्वार्थ र अनुकूलता मात्रको निर्णय र प्रक्रियाप्रति द्वन्द्व पीडितहरूको समर्थन हुनेछैन ।

५. शान्ति प्रक्रियाको क्रममा हासिल गरिएको तत्कालीन बिद्रोहीसम्बद्ध लडाकु र हतियार व्यवस्थापनको नेपाली अनुभव समेतका आधारमा संक्रमणकालीन न्याय प्रक्रियालाई आपसी छलफल, परामर्श तथा सहमतिसहित बिश्वसनीय ढंगबाट अगाडि बढाउने वातावरण सृजना गर्न सबै सरोकारवाला पक्षहरुको सहभागितामा उच्चस्तरीय एबम् बिश्वसनीय संयन्त्र निर्माण हुनुपर्दछ ।

६. नेपालको संविधान २०७२, विस्तृत शान्ति सम्झौता २०६३, सक्रमणकालीन न्याय सम्बन्धमा सर्वोच्च अदालतबाट स्थापित सिद्धान्त, परमादेश तथा फैसलाहरू, नेपाल पक्ष राष्ट्र भएका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, अभिसन्धि र अनुबन्धहरू, अन्तर्राष्ट्रिय मानवीय कानुन, सरकार, राजनीतिक दल र द्वन्द्व पीडितवीच भएका सहमतिहरू, अन्तर्राष्ट्रिय असल अभ्यासलगायत नेपालको मौलिक सामाजिक मूल्य र मान्यतालाई समेत ध्यानमा राख्दै द्वन्द्व पीडितसमेतको सार्थक सहभागिता र सहमतिमा निर्माण हुने संयन्त्रबाट संक्रमणकालीन न्यायसम्बन्धी साझा सहमतिको दस्ताबेज बनाइनुपर्दछ । सोही दस्तावेजका आधारमा विद्यमान संक्रमणकालीन न्यायसम्बन्धी कानून संशोधन वा पुनर्लेखन गरिनु पर्दछ ।

७. द्वन्द्व पीडितहरूसँग कुनै परामर्श नगरी जारी गरिएको बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन ०७१ सक्रमणकालीन न्यायको भावना अनुकूल तथा मानव अधिकारमैत्री थिएन र दण्डहिनताको अन्त्य गरी द्वन्द्व पीडितहरूलाई न्याय दिने उद्देश्यले अभिप्रेरित थिएन । त्यसैले सरकार र प्रमुख राजनीतिक दलहरूले जुन उद्देश्यका साथ सक्रमणकालीन न्याय प्रक्रिया शुरुवात गरेका थिए, त्यसप्रति हाम्रो प्रारम्भ देखि नै अविश्वास र आशंका थियो । सक्रमणकालीन न्यायको भावनाअनुकूल तथा मानव अधिकारमैत्री नभएको कारणले सक्रमणकालीन न्याय निरुपण गर्ने उद्देश्यले गठन गरिएका दुई आयोगहरू - सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगप्रति प्रारम्भदेखि नै हाम्रो विश्वास थिएन । आयोगहरूको चार वर्षको कार्य सम्पादनको मूल्यांकन गर्दा हाम्रो आशंका यथार्थमा रूपान्तरण भएको छ । त्यसैले यथास्थितिमा विद्यमान आयोगहरूको कुनै अर्थ, औचित्य तथा प्रयोजन रहन सक्दैन ।

८. यदि यथास्थितिमा आयोगहरूको कार्यकाल थप गरियो भने सम्पूर्ण द्वन्द्व पीडितहरूले न्यायकालागि अन्य उपायहरूको समेत खोजी गर्ने वास्तविकता पनि सरकार र राजनीतिक दलहरूलाई जानकारी गराउन चाहन्छौं । द्वन्द्व पीडितहरूको समेत सहमतिमा पुनर्लेखन वा संशोधन हुने कानुनको आधारमा दुवै आयोगहरू पुनर्संरचना गरिनु पर्दछ । यसपछि बन्ने आयोग निष्पक्ष, स्वतन्त्र, अधिकारसम्पन्न र स्वायत्त हुनुपर्दछ । उक्त आयोगले पूर्ण पारदर्शी, लैङ्गिकमैत्री, समावेशी र सहभागितामुलक प्रक्रियाद्वारा सक्रमणकालीन न्याय निरूपण गरी दण्डहिनताको अन्त्य तथा दिगो शान्ति सुनिश्चित गर्नुपर्दछ ।

९. सत्य अन्वेषण, पीडितलाई न्याय र परिपूरण, पीडकलाई अभियोजन र सजाय, संस्थागत सुधार, दण्डहिनताको अन्त्य र मेलमिलाप सक्रमणकालीन न्याय र विस्तृत शान्ति सम्झौताका आधारभूत मान्यताहरू हुन् । त्यसैले अब प्रारम्भ गरिने प्रक्रियाले सक्रमणकालीन न्यायका उक्त आधारभूत मान्यताहरूलाई पूर्णरूपमा अनुसरण गर्नुपर्छ । तर राजनीतिक सहमति, सक्रमणकालीन न्याय, परिपूरण र मेलमिलापको नाममा पीडितलाई न्याय र पीडकलाई सजायको पक्षलाई गौण बनाई क्षमादान तथा माफीलाई प्रधानता दिने कुनै पनि प्रक्रिया र कानुन द्वन्द्व पीडितहरूलाई स्वीकार्य हुने छैन ।

१०. द्वन्द्वकालमा राज्य तथा विद्रोही दुबैतर्फबाट भएका गम्भीर मानव अधिकार हनन तथा उल्लंघनको वास्तविकता जान्न पाउनु पीडितहरूको नैसर्गिक अधिकार हो भने बिश्वसनीय संयन्त्र र पारदर्शी प्रक्रियाद्वारा सत्य-तथ्य सार्वजनिक गर्नु राज्यको दायित्व हो । त्यसैले द्वन्द्व पीडितहरूले समेत विश्वास गर्ने आयोगबाट पारदर्शी प्रक्रियाद्वारा सत्यको अन्वेषण गरी सत्य स्थापित गर्नुपर्दछ किनभने सत्यको अन्वेषण भएपछि मात्रै सक्रमणकालीन न्यायको आधारशिला स्थापित हुनेछ ।

११. द्वन्द्व पीडितहरूको भावना, चाहना र आवश्यकतालाई समेत आत्मसात गरी आत्मनिर्भर र स्वाभिमानी नागरिक बनाउने दृष्टिले शिक्षा, स्वास्थ्य, रोजगारमा आरक्षण र सामाजिक सुरक्षा सहितको उदार राष्ट्रिय परिपूरण नीति जारी गरिनु पर्दछ । नेपालको राष्ट्रिय परिपूरण नीति तर्जुमा गर्दा संयुक्त राष्ट्र संघको परिपूरण नीतिका मार्गनिर्देशक सिद्धान्तहरु तथा सर्वोच्च अदालतले परिपूरणका सम्बन्धमा गरेका फैसलालाई समेत अनुसरण गरी द्वन्द्व पीडितहरूको

सहमतिमा जारी गरिनुपर्दछ ।

१२. सामाजिक मेलमिलाप पनि सक्रमणकालीन न्याय प्रक्रियाको अभिन्न अंग भएको वास्तविकतालाई हामी स्वीकार गर्दछौं । तर कुनैपनि मेलमिलाप पीडितको सुसुचित एवं स्वतन्त्र सहमतिमा मात्र हुनुपर्दछ । मानव अधिकारका गम्भीर उल्लंघन तथा हननमा क्षमादान, माफी र मेलमिलाप स्वीकार्य हुने छैन ।

१३. प्रत्येक पीडितको व्यक्तिगत पहिचान, सम्मान, गौरव र प्रतिष्ठा प्रतिविम्बित हुने गरी संघीय सरकारले प्रादेशिक र स्थानीय सरकार समेतको सहभागितामा स्मृति, अभिलेखिकरण र संस्मरणीकरणलाई राष्ट्रिय अभियानको रुपमा संचालन गर्नुपर्दछ। नेपालको लोकतान्त्रिक आन्दोलन र सशस्त्र द्वन्द्वका क्रममा जीवन गुमाएकालाई सहीद घोषणा गर्नुपर्दछ ।

१४. बलात्कार यातना र यौनजन्य हिंसाजस्ता जघन्य अपराधका पीडितहरुको प्रारम्भिक अनुसन्धान गरी तत्काल अन्तरिम राहत, औषधि उपचार, कानुनी सहायता र मनोसामाजिक परामर्श उपलब्ध गराउनुपर्दछ । यी समस्याको सत्य अन्वेषण अत्यन्त जटिल, संवेदनशील र व्यक्तिको सम्मान तथा गरिमासँग सम्बन्धित छ। उक्त प्रकृतिका घटनाहरुको सत्य अन्वेषण गर्दा लैंगिकमैत्री प्रक्रिया अनुसरण गर्न, परिपूरण र क्षतिपूर्तिको प्रक्रिया पनि सामाजिक संरचना अनुरूप पीडितको प्रतिष्ठामा आंच नआउने गरी लैंगिकमैत्री नीति, प्रक्रिया, भाषा र शब्दावली प्रयोग हुनुपर्दछ । यस्ता प्रकृतिका जघन्य अपराधका पीडितलाई न्याय र पीडकलाई सजाय हुनुपर्दछ ।

१५. विस्तृत शान्ति सम्झौताको धारा ५.२.३ मा “दुवै पक्षद्वारा बेपत्ता पारिएका व्यक्तिहरुको वास्तविक नाम, थर र घरको ठेगाना सम्झौता भएको मितिले ६० दिनभित्र परिवारजनलाई जानकारी गराईने” उल्लेख छ। हालसम्म सम्झौताको उक्त प्रावधान कार्यान्वयन भएको छैन। त्यसैले बेपत्ता पारिएका व्यक्तिहरुको अवस्था तत्काल सार्वजनिक हुनुपर्दछ । यसैगरी बेपत्ता पारिएका व्यक्तिको नाममा भएको सम्पत्ति हकवालामा हस्तान्तरण नभएको कारणले गम्भीर आर्थिक, पारिवारिक र मानसिक समस्या सिर्जना भएको छ। त्यसैले तत्काल अन्तरिम व्यवस्था गरी बेपत्ता पारिएका व्यक्तिको नाममा भएको सम्पत्ति हकवालामा हस्तान्तरण गर्ने व्यवस्था तत्काल मिलाउन नेपाल सरकारलाई आग्रह गर्दछौं ।

१६. विस्तृत शान्ति सम्झौताको धारा ५.१.८ मा "सशस्त्र द्वन्द्वको क्रममा कब्जा गरिएका, ताला लगाइएका वा प्रयोग गर्न नदिइएका सरकारी, सार्वजनिक, निजी भवन जमिन तथा अन्य सम्पत्तिहरु लगत खडा गरी तत्काल फिर्ता गर्न दुबै पक्ष सहमति व्यक्त गर्दछन्" भन्ने उल्लेख छ । त्यसैले नेपाल सरकारका बिभिन्न समयका निर्णयहरु र सर्वोच्च अदालतका फैसला कार्यान्वयन गर्न प्रदेश सरकार तथा स्थानीय सरकारसँग समन्वय गरी फिर्ता हुन बाँकी सम्पत्ति तत्काल फिर्ता गर्न नेपाल सरकार, तत्कालीन विद्रोही र सुरक्षा निकायलाई आग्रह गर्दछौं । आगजनी र बिष्फोटमा नष्ट भएका निजी सम्पत्तिको मूल्याङ्कन गरी क्षतिपूर्तिको व्यवस्था गर्नुपर्दछ ।

१७. सशस्त्र द्वन्द्वबाट पीडित तथा प्रभावित सुरक्षा निकाय, निजामति कर्मचारी, शिक्षक तथा अन्य राष्ट्र सेवकका परिवारलाई संक्रमणकालीन न्यायको दायरामा ल्याई न्याय र परिपूरणको व्यवस्था गरिनुपर्दछ ।

१८. सशस्त्र द्वन्द्वका क्रममा पीडित तथा प्रभावित बालबालिकालाई उच्च शिक्षा र मनोसामाजिक सहयोग उपलब्ध गराई अभिभावक गुमाएका बालबालिकाको सम्पूर्ण जिम्मेवारी नेपाल सरकारले लिनुपर्दछ ।

१९. सशस्त्र द्वन्द्वका क्रममा घाइते, अपाङ्ग तथा अङ्गभङ्ग भएकालाई औषधि उपचार तथा जीवन निर्वाहको व्यवस्था गर्नुपर्दछ ।

२०. हालसम्म सुचिकृत नभएका सबै प्रकृतिका द्वन्द्व पीडितहरूको अभिलेखिकरण गरी तत्काल अन्तरिम राहतको व्यवस्था गर्न नेपाल सरकारलाई आग्रह गर्दछौं ।

२१. संक्रमणकालीन न्यायका सन्दर्भमा नेपाल सरकार, राष्ट्रिय मानव अधिकार आयोग र अन्य निकायहरुमा अभिलिखित दस्तावेज तथा प्रमाणहरुको सुरक्षा र गोपनियता सुनिश्चित गरिनुपर्दछ ।

२२. उमेर नपुगेका, मापडण्ड नपुगेका तथा पछि भर्ना भएका भनी तत्कालीन अनमिनको प्रमाणिकरणबाट वहिर्गमित भएका विद्रोहीसम्वद्ध लडाकुहरुको समस्या र चासोलाई नेपाल सरकारले विशेष कार्यक्रम मार्फत सम्बोधन गर्नु पर्दछ ।

२३. संक्रमणकालीन न्यायका सवालहरुमा नागरिक समाज, सञ्चार जगत, मानव अधिकार संघ-संस्था एवं अन्तर्राष्ट्रिय समुदायको सहकार्यप्रति आभार प्रकट गर्दै आगामी दिनहरुमा यस बडापत्रको मार्गचित्र बमोजिमका कार्य सम्पन्न गर्ननिरन्तर सहकार्यका लागि हार्दिक आव्हान गर्दछौं ।

२०७५ मंसिर ५, काठमाडौं

हस्ताक्षर :

| क्र.सं. | नाम | जिल्ला | क्र.सं. | नाम | जिल्ला |
|---|---|---|---|---|---|
| १ | सुमन अधिकारी | लम्जुङ्ग | २९ | राजेश खनाल | तनहुँ |
| २ | भागिराम चौधरी | बर्दिया | ३० | बागबिर सुनुवार | नवलपूर |
| ३ | बद्रीबहादुर के.सी | बाग्लुङ्ग | ३१ | कृष्णकुमारी श्रेष्ठ | नवलपूर |
| ४ | कल्याण बुढाथोकी | रामेछाप | ३२ | भीम बहादुर रिजाल | म्याग्दी |
| ५ | रुपेश शाह | सुनसरी | ३३ | नरसिंह के.सी. | म्याग्दी |
| ६ | देवी सुनुवार | काभ्रेपलाञ्चोक | ३४ | मोहन बहादुर कार्की | म्याग्दी |
| ७ | जनकबहादुर राउत | कपिलवस्तु | ३५ | सावित्रि खड्का | बाग्लुङ्ग |
| ८ | सिर्जना सिंह | काठमाडौं | ३६ | छम कुमारी वस्नेत | बाग्लुङ्ग |
| ९ | रामकुमारी श्रेष्ठ (रुवी) | ललितपुर | ३७ | ज्ञानेन्द्र चापागाँई | पर्बत |
| १० | सुशिला चौधरी | दाङ्ग | ३८ | हरिकला कुवँर | पर्बत |
| ११ | लीला तमाङ्ग | मोरङ्ग | ३९ | कल्पना सुबेदी | पर्बत |
| १२ | उदयकुमार शाह | सिरहा | ४० | कृती चौधरी | कैलाली |
| १३ | चन्द्रकला उप्रेति | बाँके | ४१ | शेर बहादुर हमाल | कैलाली |
| १४ | शित्तल सिंह राठौर | सुर्खेत | ४२ | जयन्ती पन्त | कञ्चनपुर |
| १५ | धरम बहादुर चौधरी | कञ्चनपुर | ४३ | हिरा भण्डारी | कञ्चनपुर |
| १६ | कृष्ण बहादुर घिसिङ्ग | दोलखा | ४४ | अमर भाट | डडेलधुरा |
| १७ | कृष्ण अधिकारी | चितवन | ४५ | पार्वती जैरु | डडेलधुरा |
| १८ | राधिका गौतम | मकवानपुर | ४६ | भरत बोहरा | डोटी |
| १९ | राम बहादुर थापा | स्याङ्जा | ४७ | नवराज बोहरा | डोटी |
| २० | हिरा मती शाही | स्याङ्जा | ४८ | द्रौपती चन्द | दार्चुला |
| २१ | कृष्ण प्रसाद पराजुली | कास्की | ४९ | लीला कुँवर | दार्चुला |
| २२ | जमुना शर्मा | कास्की | ५० | मदन बहादुर रोकाया | बाजुरा |
| २३ | रामचन्द्र दुवाडी | गोरखा | ५१ | धन बहादुर कडारा | बाजुरा |
| २४ | सुजीता ढकाल | गोरखा | ५२ | रोहित ढुङ्गाना | अछाम |
| २५ | रामबाबु ढकाल | गोरखा | ५३ | दल बहादुर साउद | अछाम |
| २६ | जनार्दन घिमिरे | लमजुङ्ग | ५४ | नन्दा हमाल | बभाङ्ग |
| २७ | गंगा वस्नेत | लमजुङ्ग | ५५ | धिरेन्द्र सिंह धामी | बैतडी |
| २८ | इन्दिरा खनाल | तनहुँ | ५६ | दिपेन्द्र बहादुर कुँवर | बैतडी |

| | | | | | |
|---|---|---|---|---|---|
| ५७ | धरम बहादुर चौधरी | बैतडी | ८७ | मोहित शाह | सिरहा |
| ५८ | गिता सापकोटा | सुनसरी | ८८ | पुनम महतो | सिरहा |
| ५९ | माया रायमाझी | सुनसरी | ८९ | कविता ठाकुर | सप्तरी |
| ६० | रिता गिरी | मोरङ्ग | ९० | मनिषा कुमारी शाह | सप्तरी |
| ६१ | चम्पा माझी | मोरङ्ग | ९१ | श्री नारायण प्रतिहस्त | धनुषा |
| ६२ | लिलादेवी तमाङ्ग | मोरङ्ग | ९२ | शत्रुधन प्रसाद यादव | धनुषा |
| ६३ | गोपाल पोखरेल | झापा | ९३ | विजय कुमार साह | महोत्तरी |
| ६४ | मातृका देवी चापागाई | इलाम | ९४ | लक्ष्मी रेग्मी | महोत्तरी |
| ६५ | वैजयन्ती पोखरेल | इलाम | ९५ | पुरुषोत्तम पौडेल | सर्लाही |
| ६६ | कृष्ण गोविन्द चेम्जोङ्ग | धनकुटा | ९६ | अप्सरा तिमलसिना | सर्लाही |
| ६७ | तिलक प्रसाद राई | धनकुटा | ९७ | पदमा राना | रौतहट |
| ६८ | कल्पना ढकाल राई | उदयपुर | ९८ | विष्णुमाया ठाडा | रौतहट |
| ६९ | दुर्गा कार्की | उदयपुर | ९९ | इन्द्र प्रसाद अधिकारी | बारा |
| ७० | शोभा दहाल | उदयपुर | १०० | जिरी माया वल | बारा |
| ७१ | राम बहादुर तमाङ्ग | पाँचथर | १०१ | बालकृष्ण श्रेष्ठ | पर्सा |
| ७२ | महानन्द ज्ञवाली | पाँचथर | १०२ | मैया गिरी | पर्सा |
| ७३ | होमा देवी अधिकारी | पाँचथर | १०३ | विकास कुमार गुप्ता | महोत्तरी |
| ७४ | पदम बहादुर श्रेष्ठ | संखुवासभा | १०४ | कृष्ण माया रावत | जुम्ला |
| ७५ | मञ्जु सापकोटा | संखुवासभा | १०५ | सुमन वस्नेत | जुम्ला |
| ७६ | चम्पा कार्की | ओखलढुङ्गा | १०६ | पद्मा तिरुवा | कालिकोट |
| ७७ | अस्मिता कार्की | ओखलढुङ्गा | १०७ | भिम न्यौपाने | कालिकोट |
| ७८ | प्रतिक कार्की | खोटाङ्ग | १०८ | रत्ना रेग्मी | दैलेख |
| ७९ | नरेन्द्र थापामगर | सोलुखुम्बु | १०९ | नविना रिझाल | दैलेख |
| ८० | तारा राई | सोलुखुम्बु | ११० | लक्ष्मी केसी | दैलेख |
| ८१ | विमला राई | भोजपुर | १११ | दुर्गा रावल | पश्चिम रुकुम |
| ८२ | रना मास्के | तेह्रथुम | ११२ | सरस्वती सिंह | सुर्खेत |
| ८३ | राम बहादुर थापा | स्याङ्गजा | ११३ | ममता नगाल | सुर्खेत |
| ८४ | हिरामति शाही | स्याङ्गजा | ११४ | कृपा सिंह घर्ति | सुर्खेत |
| ८५ | कृष्ण पराजुली | कास्की | ११५ | धन बहादुर हमाल | सल्यान |
| ८६ | जमुना शर्मा | कास्की | ११६ | चन्द्र बहादुर गिरी | सल्यान |

| | | | | | |
|---|---|---|---|---|---|
| ११७ | ज्ञानेश्वर आचार्य | जाजरकोट | १४६ | सिवहरी पोखरेल | दोलखा |
| ११८ | मुना सिंह | जाजरकोट | १४७ | जगत बहादुर आचार्य | दोलखा |
| ११९ | मनिषा केसी | रुकुम | १४८ | कृष्ण घिसिङ्ग | दोलखा |
| १२० | खिमा डाङ्गी | रुकुम | १४९ | हरि बहादुर खड्का | सिन्धुली |
| १२१ | वसुना शाही | मुगु | १५० | माया सुवेदी | चितवन |
| १२२ | सरिता शाही | मुगु | १५१ | भक्त वहादुर रेग्मी | मकवानपुर |
| १२३ | हेम नाथ पोखरेल | पाल्पा | १५२ | राधिका गौतम | मकवानपुर |
| १२४ | खुमला गरुजा | पाल्पा | १५३ | शंकर बुढाथोकी | रामेछाप |
| १२५ | शम्भु ज्ञवाली | गुल्मी | १५४ | लाल कुमारी तमाङ्ग | रामेछाप |
| १२६ | कवित वि.क. | गल्मी | १५५ | इन्द्र केशरी श्रेष्ठ | भक्तपुर |
| १२७ | हेमन्त वेलवासे | अर्घाखाँची | १५६ | जे.वि. भुषाल | रसुवा |
| १२८ | आयुषा भुषाल | अर्घाखाँची | १५७ | सिर्जना मगर | रसुवा |
| १२९ | लिलावती खड्का | बाँके | १५८ | विजय कुमार बस्नेत | रामेछाप |
| १३० | इन्धल यादव | बाँके | १५९ | श्याम सुन्दर के.सी. | सिन्धुपाल्चोक |
| १३१ | निर्मला थापा | प्यूठान | १६० | उमा भट्टराई | सिन्धुपाल्चोक |
| १३२ | वसन्ता एम.सी. | प्यूठान | १६१ | राधा भट्टराई | सिन्धुपाल्चोक |
| १३३ | अमृत श्रेष्ठ | पूर्वी रुकुम | १६२ | लालि माया तमाङ्ग | नुवाकोट |
| १३४ | अभिमान विष्ट | पूर्वी रुकुम | १६३ | राधिका भट्टराई | नुवाकोट |
| १३५ | सन्तोष पोखरेल | दाङ्ग | १६४ | शोभा भट्ट | काठमाडौं |
| १३६ | गिता पौडेल | दाङ्ग | १६५ | टिका कंडेल | धादिङ्ग |
| १३७ | जयन्ती शाही | वर्दिया | १६६ | हरि प्रसाद रुपाखेती | धादिङ्ग |
| १३८ | प्रेम कुमारी चौधरी | वर्दिया | १६७ | रामकृष्ण थापा | काभ्रेपलाञ्चोक |
| १३९ | राम उजागिर चौधरी | कपिलवस्तु | १६८ | गोमा कार्की | काठमाडौं |
| १४० | राम लखन जैसवाल | कपिलवस्तु | १६९ | प्रतिमा ठाकुर | काठमाडौं |
| १४१ | तारा रुचाल | पश्चिम नवलपरासी | १७० | विन्देश्वरी | काठमाडौं |
| १४२ | श्याम कला भण्डारी | पश्चिम नवलपरासी | १७१ | चण्डिका घिमिरे | काठमाडौं |
| १४३ | चुनामणि ढकाल | रुपन्देही | १७२ | लाल माया तमाङ्ग | काठमाडौं |
| १४४ | धनकुमारी चौधरी | रुपन्देही | १७३ | लक्ष्मी केसी | काठमाडौं |
| १४५ | बाल कुमार श्रेष्ठ | रोल्पा | १७४ | पम्फा बुढाथोकी | रामेछाप |

| | | | | | |
|---|---|---|---|---|---|
| १७५ | मैना रावल | काठमाडौं | २०४ | विमला ढकाल | गोरखा |
| १७६ | उमङ्ग आचार्य | काठमाडौं | २०५ | विन वहादुर सिंह | जाजरकोट |
| १७७ | सुदिप कुमार आचार्य | काठमाडौं | २०६ | मिङ्गमार शेर्पा | दोलखा |
| १७८ | राम कृष्ण थापा | काठमाडौं | २०७ | अम्विका सुवेदी | रामेछाप |
| १७९ | खड्ग बहादुर बुढाथोकी | काठमाडौं | २०८ | अर्जुन सिंह ऐडी | डडेलधुरा |
| १८० | उमा भट्टराई | काठमाडौं | २०९ | अल्किना बम | कालिकोट |
| १८१ | ज्ञान बहादुर कार्की | काठमाडौं | २१० | ज्ञानेन्द्र प्रसाद शर्मा | पर्वत |
| १८२ | मन माया भण्डारी | काठमाडौं | २११ | मैना कार्की | जाजरकोट |
| १८३ | दुर्गा खड्का | काठमाडौं | २१२ | कालिका गिरी | रुकुम |
| १८४ | दुर्गा पौडेल | काठमाडौं | २१३ | सानु केसी | काभ्रेपलाञ्चोक |
| १८५ | अम्विका सुवेदी | काठमाडौं | २१४ | पार्वती वि.क. | रसुवा |
| १८६ | जानुका श्रेष्ठ | काठमाडौं | २१५ | उदय घिमिरे | लम्जुङ्ग |
| १८७ | सरस्वती दहाल | सुनसरी | २१६ | मनिषा शाह | सप्तरी |
| १८८ | निर्मला वस्नेत राना | सल्यान | २१७ | नग्मा माली | ललितपुर |
| १८९ | कसम रावत | हुम्ला | २१८ | शान्ता अधिकारी | काठमाडौं |
| १९० | सावित्री पन्त | गोरखा | २१९ | सविता वस्नेत | ललितपुर |
| १९१ | दुर्गा खड्का | ओखलढुङ्गा | | | |
| १९२ | थुमराज खड्का | ओखलढुङ्गा | | | |
| १९३ | रिदेश रावल | जाजरकोट | | | |
| १९४ | शर्मिला त्रिपाठी | चितवन | | | |
| १९५ | अनिता ज्ञवाली | अर्घाखाँची | | | |
| १९६ | मनमाया भण्डारी | सिन्धुली | | | |
| १९७ | नेत्र वहादुर भण्डारी | हुम्ला | | | |
| १९८ | विउरा भण्डारी | हुम्ला | | | |
| १९९ | कृष्ण रावत | हुम्ला | | | |
| २०० | ज्ञान | रामेछाप | | | |
| २०१ | जटिल कार्की | हुम्ला | | | |
| २०२ | तारापती ज्ञवाली | गुल्मी | | | |
| २०२ | सुरज रायमाझी | अर्घाखाँची | | | |
| २०३ | विदुर ढकाल | रुपन्देही | | | |

द्वन्द्व पीडित साझा चौतारी सशस्त्र द्वन्द्वकालमा दुवै पक्षबाट मानवअधिकार उल्लंघनका पीडितहरुको देशव्यापी साझा सञ्जाल हो ।